छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

२०८१।१२।११
आ.व.०८१।८२ रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत
बैठक नं १८

समयः बिहान ८:०० बजे

मितिः२०८१/१२/११

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल बमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २ | पुस्कर खनाल | पूर्वाधार विकास शाखा प्रमुख | |
| ३ | प्रदिप पन्थ | कृषि विकास शाखा प्रमुख | |
| ४ | आशिष पन्थी | नापी सर्वेक्षक | |
| ५. | सन्तोष जि.सी. | लेखा अधिकृत | |
| ६. | सागर खनाल | का.स. | |

CS CamScanner

२०८१।१२।११

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१/१२/११ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

प्रस्तावनाहरु:

| क.स | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | योजना अनुगमन समितिको प्रतिवेदन पेश गर्ने सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा योजना शाखा प्रमुखबाट | |
| ३ | नवप्रवर्तन साझेदारी कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृत मार्फत | |
| ४ | भू-उपयोग वर्गिकरण सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा नापी सर्वेक्षकज्यूबाट | |
| ५ | नक्शापास सम्बन्धि प्रतिवेदन सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा पूर्वाधार शाखा प्रमुखज्यूबाट | |
| ६ | छत्रकोट गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि गठित कार्यदलको प्रतिवेदन सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा कार्यदल संयोजक श्री पुस्कर खनालज्यू बाट | |
| ७ | गरिब परिचय पत्र वितरण सम्बन्धमा | अध्यक्षज्यूको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतबाट | |
| ८ | आर्थिक सहयोग सम्बन्धमा | अध्यक्षज्यूबाट | |
| ९ | विपद् व्यवस्थापनका योजना छनौट सम्बन्धमा | अध्यक्षज्यूबाट | |
| १० | आयोजनाको नाम संशोधन सम्बन्धमा | अध्यक्षज्यूबाट | |
| ११ | सिंचाई पूर्वाधार निर्माण सहयोग,छत्रकोट ४ को योजना छनौट सम्बन्धमा। | अध्यक्षज्यूबाट | |
| १२ | पुन:ठेक्का लगाउने सम्बन्धमा। | अध्यक्षज्यूबाट | |

निर्णयहरु:

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८१ फाल्गुन २८ बसेको बैठकको निर्णय कार्यान्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. छत्रकोट गाउँपालिका गाउँपालिका स्तरीय आयोजना अनुगमन समितिले फाल्गुन महिनामा स्थानीय राजनीतिक दलहरुको प्रतिनिधिहरु समेत समावेश गरी देहायका आयोजना अनुगमन गरी काम समयमै तोकिएको गुणस्तर अनुसार काम सम्पन्न गर्न निर्देशन गरेको पाइयो ।

अनुगमन समितिले माघ महिनामा अनुगमन गरेका योजनाहरु

क. Upgrading of Pipalneta Digam Dharampani Mankot Gairikhutta (Hardineta Section) to Black Topped

ख. Upgrading of Lumchha Satmure Road (Lumchha Chaupari Section) To Black Topped standard

CS CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोपा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।१२।१ कृष्णहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको मिति २०८१ फाल्गुण २ [illegible] स्थानीय तहमा नवप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्नको लागि प्रस्ताव आव्हान भएकोमा छत्रकोट गाउँपालिकाबाट उक्त कार्यक्रममा तपशिल अनुसारको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

कार्यक्रमको नाम: सूचना प्रविधि मैत्री शिक्षा

बजेट व्यवस्थापन: नवप्रवर्द्धन साझेदारी कोष कर्यक्रम कार्यन्वयनका लागि देहाय बमोजिमको बजेटको सीमामा रही प्रस्ताव पेश गर्ने निर्णय गरियो र गाउँपालिकाको तर्फबाट लगानी गर्नुपर्ने व्यापतको रकम रु ४५००००० (अक्षरेपी पैतालिस लाख मात्र) लागत सहभागिता समेत जनाउने र कार्यक्रमको बजेट तपसिल अनुसार हुने निर्णय गरियो

| कुल बजेट | नव प्रवर्तन साझेदारी कोषमार्फत | गाउँपालिका मार्फत |
|---|---|---|
| १,५०,००,०००/- (अक्षरेपी एक करोड पचास लाख मात्र) | १०५००००० /- (अक्षरेपी एक करोड पाँच लाख मात्र) | ४५००००० /- (अक्षरेपी पैतालिस लाख मात्र) |

कार्यक्रम सम्पर्क अधिकृत: श्री भानुभक्त भण्डारी (सूचना प्रविधि अधिकृत)

कार्यक्रम कार्यन्वयन समितिमा रहने पदाधिकारीहरु

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष: | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष: | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत: | सदस्य |
| घ. सामाजिक विकास समिति संयोजक: | सदस्य |
| ङ. संस्थागत विकास तथा सुशासन समिति संयोजक: | सदस्य |
| च. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| छ. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| ज. आर्थिक प्रशासन शाखा प्रमुख: | सदस्य |
| झ. सूचना प्रविधि अधिकृत: | सदस्य सचिव |

कार्यक्रम कार्यन्वयन समितिले कार्यक्रम कार्यन्वयनको समयमा अवश्यकता अनुसार वडा अध्यक्ष, गाउँ शिक्षा समितिका सदस्यहरु, शिक्षा सल्लाहकार समिति सदस्यहरु, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकहरुलाई आमन्त्रण गरी बैठक बस्न सक्नेछ ।

४. भूउपयोग ऐन,२०७६ र भूउपयोग नियमावली,२०७९(दोस्रो संशोधन) बमोजिम स्थानीय तहले स्थानीय तहमा भूउपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाको हाल सम्मको प्रगति प्रतिवेदन नापी शाखा प्रमुखले प्रस्तुत गर्नुभयो।भूउपयोग क्षेत्र वर्गिकरणको लागि कित्ता अनुसार क्षेत्र वर्गिकरणको लागि वडामा गई अध्ययन विश्लेषण गरि प्रतिवेदन पेश गर्न नापी शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

CS CamScanner

५. पूर्वाधार शाखा प्रमुख इ.पुस्कर खनाल ज्यूबाट पेश गरिएको नक्शापास सम्बन्धी प्रतिवेदन माथि छलफल गरियो। साथै नक्शापास प्रक्रियालाई अगाडी वढाउने निर्णय गरियो।

६. छत्रकोट गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईट पहिचान तथा सिफारिस गर्न गठित कार्यदलको प्रतिवेदन उपर छलफल गरि कार्यदलले सिफारिस गरेअनुसार छत्रकोट १ हुँगा,छत्रकोट ३ भेंडुवा र छत्रकोट ५ खर्ज्याङ्गमा प्राविधिक स्टिमेट वमोजिम ल्याण्ड फिल्ड साईट निर्माण शिर्षकमा विनियोजन भएको बजेट रु २ लाखको परिधिमा रहि ल्याण्ड फिल्ड साईट निर्माण गर्ने निर्णय गरियो।

७. गरिब परिचय पत्र वितरण सम्बन्धमा गाउँपालिकामा प्राप्त गरिव परिचय पत्रहरु सम्वन्धित वडामा पठाउने र सम्बन्धित व्यक्तिलाई सम्पर्क गरि फोटो टाँस गर्ने/गराउने निर्णय गरियो। साथै फोटो टाँस गर्ने कार्य सम्पन्न भएपश्चात प्रमुख प्रशासकीय अधिकृतवाट सम्वन्धित वडामा गएर प्रमाणित गरि वितरण गर्ने निर्णय गरियो।

८. मिति २०८१।११।१३ गते छत्रकोट गाउँपालिका वडा नं ४ श्री हिला देवी कामी(ना.प्र.नं ७६८९) को घरमा आगालागी भएको कारण घरको छाना,काठ,अन्नपात,लत्ताकपडा लगायत अधिकांश सामाग्री पूर्ण रुपमा क्षति भएको हुँदा घर पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि तत्काल राहात स्वरुप रु १,००,०००।–(अक्षरेपी रु एकलाख मात्र) विपद् व्यवस्थापन कोषवाट उपलब्ध गराउने निर्णय गरियो।

९. तपसिल बमोजिममा व्यक्तिहरुको घर र मौलिपुर वस्ती जाने मोटर वाटो विपद्को जोखिममा परेकोले संरक्षणको लागि देहायबमोजिमको रकम विपद् व्यवस्थापन कोषवाट खर्चगर्ने गरि संरक्षणको कार्य अगाडी वढाउने निर्णय गरियो।

<u>तपसिल</u>

| सि.नं. | योजना शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | पदम थापाको घर संरक्षण,वडा नं १ | ५०,०००।- | |
| २ | बेगम भण्डारीको घर संरक्षण,वडा नं.४ | १,५०,०००।- | |
| ३ | वसन्तराम कंडेलको घर संरक्षण,वडा नं ४ | १,५०,०००।- | |
| ४ | मौलिपुर वस्ती जाने मोटरवाटो संरक्षण,वडा नं ४ | १,००,०००।- | |

१०. छत्रकोट गाउँपालिका वडा नं ४ को वडा समितिवाट निर्णयवाट सिफारिस भई आएको तपसिल बमोजिमको योजनाको शिर्षक संशोधन गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

| सि.नं | साविकको योजनाको नाम र रकम | संशोधन पछिको योजनाको नाम र रकम | रकम रु |
|---|---|---|---|
| १ | अमराई गाहावारी-नुनथाल-हर्दिखोला मो.वा. स्तरोन्नती योजना | बझमुढे आँप-पाँडे पँधेरा-ठानिडाँडा मोटरबाटो स्तरोन्नती योजना | १,००,०००।- |

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।१२।१९ रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

११. संघीय सशर्त बजेट अन्तर्गत सिंचाई पूर्वाधार निर्माण सहयोग,छत्रकोट ४ शिर्षकमा विनियोजित बजेट रु २०,००,०००।— वाट तपसिल बमोजिमका योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

| सि.नं. | योजना शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | अगाह फाँट सिचाँई कुलो मर्मत | ५,६३,१६५।- | |
| २ | सिंचाई पूर्वाधार निर्माण सहयोग(बोहा फाँट) | २,०६,६१०।- | अध्यक्ष स्तरीय निर्णयानुसार कार्यान्वयन भएको |
| ३ | बाँसखर्क सिंचाई कुलो मर्मत | १,१४,०१९।- | |
| ४ | हर्दिखोला रेसम वारी सिंचाई बाँध निर्माण | १,४५,१६०। | |
| ५ | लिसे सिंचाई कुलो मर्मत | १,१५,५६५।- | |
| ६ | मौलिपुर साँड्ले पहरा सिंचाई बाँध निर्माण | ९७,९९५।- | |
| ७ | अगाहा कुलो बाँध निर्माण | ६,९७,४८६।- | |
| ८ | कन्टेन्जेन्सी खर्च (३ प्रतिशत) | ६००००।- | |
| | जम्मा | २०,००,०००।- | |

१२.

- संघीय समपुरक अनुदान अन्तर्गतको लुम्छा-धरमपानी-दिगाम-सातमुरे सडक स्तरोन्नती योजनाको ठेक्का सम्झौता भई वचत रहेको रकमवाट पहिरोमा ग्वाबिन लगाउने कार्यका लागि प्राविधिक स्टिमेट अनुसार दोस्रो चरणको शिलवन्दी दरभाउपत्र आह्वान गर्ने र बाटो ढलान गर्ने कार्यको लागि प्राविधिक स्टिमेट अनुसार तेस्रो चरणको शिलवन्दी दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो। साथै प्राविधिक स्टिमेटमा वचत रकम अपुग भएमा अपुग रकम गाउँपालिकावाट व्यवस्थापन गर्ने गरि निर्णय गरियो।
- संघीय समपुरक अनुदान अन्तर्गतको विरबास-कोलधारी-बर्जिया-झेर्दी-सिस्ने-चन्द्रकोट गा.पा.स्तरोन्नती योजनाको ठेक्का सम्झौता भई बचत रहेको रकमवाट वाल लगाउने कार्यका लागि प्राविधिक स्टिमेट अनुसार दोस्रो चरणको शिलबन्दी दरभाउपत्र आह्वान गर्ने,पल्लिकोट वडा कार्यालय जाने बाटो ढलान गर्ने कार्यको लागि प्राविधिक स्टिमेट अनुसार तेस्रो चरणको शिलवन्दी दरभाउपत्र आह्वान गर्ने र पहिरो खस्ने जोखिम रहेको स्थानमा प्लम वाल(Plum Wall) निर्माण कार्य समेत गराउने निर्णय गरियो। साथै प्राविधिक स्टिमेटमा वचत रकम अपुग भएमा अपुग रकम गाउँपालिकावाट व्यवस्थापन गर्ने गरि निर्णय गरियो।

CamScanner